नेपाल सरकार

Government of Nepal

# कृषि विकास मन्त्रालय

# Ministry of Agricultural Development

सिंहदरबार, काठमाण्डौ, नेपाल

SInghadurbar, Kathmandu, Nepal

# एकिकृत बाली पात्रो - आँप खेती (Integrated Crop Calendar–Mango)

| महिना | बैशाख | | | | जेष्ठ | | | | अषाढ | | | | श्रावण | | | | भाद्र | | | | असोज | | | | कर्तिक | | | | मंगसिर | | | | पौष | | | | माघ | | | | फाल्गुन | | | | चैत्र | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हप्ता | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| मौसम | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |



पाकेको आँप



आँप बिरुवाको नर्सरी



आँपको बगैंचा



आँपको फल लागेको

## हावापानी :

आँप उष्ण प्रदेशिय (Tropical Fruit) फल भए तापनि समतीषोण (Sub Tropical) आवहवामा समेत खेती गरेको पाइन्छ । नेपालमा ५०० मिटर भन्दा माथि आँपको व्यवसायिक रुपमा राम्रो उत्पादन लिन सकिदैंन ।



## जातहरु :

१. बम्बेग्रीन
२. माल्द
३. दशहर
४. चौसा
५. अल्फान्सो
६. जर्दालु
७. नीलम
८.फजली
९. भदौरे आँप
१०. सुपारे आँप
११. अब्बे हायद
१२. आम्रपाली (दशहरी×नीलम)
१३. मालिका (नीलम×दशहरी)

## माटो :

आँप प्रायः बलौटे देखि लिएर चिम्टाइलो माटोमा राम्रेसँग हुन सक्दछ । माटोको पि.एच.५.५ देखि ७.५ हुनु जरुरी छ । भूमिगत पानीको सतह जुनसुकै अवस्थामा पनि १८० से.मि . भन्दा तल हुनु आवश्यक छ ।



## प्रजनन :

१. बीउको वेर्ना उत्पादन
२. वनस्पतिक प्रजनन:
0 इनार्चिङ्ग
0 भिनियर ग्राफटिङ्ग र साईड ग्राफिटङ्ग
0 इपिकोटायल ग्राफटिङ्ग
0 लेयररिङ्ग
0 कटिङ्ग

## विरुवा लगाउने तरिका :

आँपलाई वर्गाकार र षटकोण पद्धतिवाट लगाइन्छ । आँपका अग्लो जात १०-१२ × १०-१२ मिटर, होचो जात ५-६×५-६ मिटर र आम्रपाली जस्तो बुटा हुने जातलाई २.५×२.५ मिटरको दुरीमा लगाउन सकिन्छ। विरुवा लगाउनु भन्दा करिब ५-६ महिना पहिला ९०×९०×९० घन सेन्टिमिटरको खाडल खन्नु पर्दछ । माथिको र तलको माटोलाई अलग गरेर राख्नु पर्दछ । माटोलाई २-४ हप्ता सम्म घाममै सुक्न दिनु पर्दछ । आँपको विरुवा मनसुन सुरु भएपछि (जेष्ठ-श्रावण) रोप्नु पर्दछ । ग्राफटिङ्ग गरेको जोर्नी जमिनको सतह माथि रहने गरेर विरुवा लगाउनु पर्दछ । विरुवा लगाउँदा सकभर वादल लागेको दिन वा बेलुका पख लगाएर पानी दिनुपर्दछ ।



## सिंचाई :

गर्मी महिनामा७-१० दिनको फरकमा सिंचाई गर्नुपर्दछ । आँप फुल्नु भन्दा २/३ महिना अगाडी देखि सिंचाई दिन बन्द गर्नु पर्दछ । फूल लागी सकेपछि ७-८ दिनको फरकमा सिंचाई गर्नु पर्दछ ।



## मलखाद :

आँपलाई चैत-बैशाख र असार -साउनमा मल दिनु पर्दछ । मल हालिसकेपछि सिंचाई गर्नुपर्दछ । फल दिन शुरु नगरेको र बृद्धि भईरहेको बोटमा माघ, फाल्गुनमा पालुवा आउनु भन्दा अघि मल दिएमा विरुवाको राम्रो बृद्धि हुन्छ । मल दिंदा फस्फोरस र पोटासलाई एकै पटकमा र नाइट्रोजनलाई दुई वा तीन पटक गरेर दिनु सकिन्छ । एक वर्षको वोटलाई १० किलो कम्पोष्ट/गोठको मल, २.५ किलो हाडको मल र १ के.जी. पोटासियम सल्फेट, त्यसपछि १० वर्ष सम्म प्रतिवर्ष ५ के.जी. कम्पोष्ट, ०.५ के.जी. हाडको मल र ०.४ के.जी. पोटासियम सल्फेटका दरले बढाउँदै जानु राम्रो हुन्छ । तर बोटले पुरा उत्पादन दिन थालेपछि फल लाग्ने वर्षमा १.२ के.जी.नाइट्रोजन ०.२ के.जी. पोटास दिनु आवश्यक हुन्छ । फल नलाग्ने वर्षमा नाइट्रोजनको मात्रा आधा अर्थात ०.६ के.जी. मात्र दिए पुग्दछ । पोटास दिंदा पोटासियम सल्फेट तथा खरानी मार्फत दिनु वेश हुन्छ ।



## अन्तरबाली :

आँप बगैंचामा अन्तरवालीको रुपमा प्याज, टमाटर, काउली, बन्दा, मुला अदुवा, खुर्सानी, हलेदो, चना, केराउ, मसुरो, मुग, मेवा, भुँइकटहरलाई लगाउन सकिन्छ

## फूल तथा फलको विकास :

आँपको परागसेचन परसेचन क्रियावाट हुन्छ । परसेचन क्रिया माहुरी तथा अन्य किराहरु र हावाको माध्यमबाट हुन्छ । आँप फुलदेखि फल पाक्ने समय प्रायः ३ देखि ५ महिना लाग्दछ । १०-५० पीपीएमको नेप्थालिन एसिटिक एसिड वा १०-२० पीपीएम २-४ डी आँप झर्नु अघि छरेर फललाई झर्नवाट बचाउन सकिन्छ ।





## फल टिप्ने र उत्पादन :

नेपालको वतावरणमा आँप फूलेको सालाखाला १२० दिनमा पाक्दछ । नजिकको बजारमा लैजान वा घरमा खान आँपलाई ढिलो टिप्न सकिन्छ । टाढाको बजार लैजान र भण्डारण गर्नका निम्ति बोटमा पाक्न शुरु हुनुभन्दा १०-१५ दिन अगाडि नै फल टिप्नु पर्दछ । फल मध्ये विहान र वेलुकापख टिप्नु पर्छ ।

## प्याकेजिङ्ग र ढुवानी :

फल टिपिसकेपछि फललाई छायादार ठाउँमा जम्मा गर्नुपर्दछ । प्याकेजिङ्ग गर्नु अघि फललाई सफा गरी विभिन्न समूहमा छुट्याउनु पर्दछ । आँपमा चोप लागेको भए त्यसलाई धोएर सफा गर्नुपर्दछ । प्याक गरिने भाडामा प्वालहरु हुनु अनिवार्य छ ।



## भण्डारण र फल पकाउने :

प्लाष्टिकको थैलोमा ३-८ वटा प्वाल पन्चिङ्ग गरेर र ३-४ वटा काँचा आँपलाई एउटा प्लाष्टिकको थैलोमा राखेमा त्यसलाई काँचै धेरै दिन राख्न सकिन्छ । आँपलाई कोल्ड स्टोरमा ६-७ हप्तासम्म राख्न सकिन्छ । साधारणतया २५-३० तापक्रममा पाकेको आपँमा वासना, स्वाद र रङ्गको राम्रो विकास हुन्छ ।

## कीराहरु :



१. मेङ्गो होपर : किरालाई मालाथियन ( ०.१५%), निम्बीसियन (२%), इमिडाकलोपिड (०.००५%), मेटासिष्टक ( ०.०२५%), बिषादी फुलफुल्नुभन्दा पहिले प्रयोग गरि नियन्त्रण गर्न सकिन्छ । आँपको फुलफुलेको समयमा विषादी छर्नु हुँदैन ।

२. मेङ्गो मिली वग : गर्मी महिनामा वोटको वरिपरि खनेर कीराको फूलहरु नष्ट गर्नु पर्दछ । पुष/माघ तिर वोटमा टाँसिने चिप्लो पदार्थ (ग्रिज र कोल्टार, १:२ भाग) रोजिन र काष्टरको तेल (४:५ भाग) अथवा कुनै चिप्लिने पदार्थ (४०० गेजको) अल्काथेन काण्डको वरिपरि ३०-४० से.मि. चौडा गरी लगाएर त्यसको तल जमीनतिरको भागमा क्लोरपाइरिफस विषादीको धूला (१.५%) २५० ग्राम प्रति लिटर पानीमा मिसाएर माटोले फेदमा लिपिदिएमा कीराको प्रकोपवाट बचाउन सकिन्छ ।



३. झिंगा : सोडियम फ्लुरो सिलिकेट १ भाग, खुदो ६ भाग र पानी १०० भाग मिसाएर ठूलो मुख भएको प्लाष्टिक वा टिनको वट्टामा राखि वगैंचामा झुन्डाएर राखेमा यो किराहरु नियन्त्रण गर्न सकिन्छ ।




४. रेड बेन्डेड क्याटर पिलर : नियमित रुपमा बगैंचाको सरसफाई गर्ने । कुहिएको फलहरु संकलन गरी खाडलमा सम्पर्क विषादी ( मालथियन) हाली नष्ट गर्ने । निममा आधारित विषादी (मल्टिनीम, निकोनीम, बायोमल्टिनीम, निमारिन आद) ५ मि.ली. प्रति लिटर पानीमा मिसाएर हप्ताको एक पटक छर्ने ।

## रोगहरु :



१. पाउडरी लिल्डयू : सल्फर (०.२%), काराथेन (०.१%), वेमिष्टन (०.१%) अथवा वेनलेट (०.१ प्रतिशत) फुल फुल्नु अघि र फूल फूल्ने समयमा ७-८ दिनको फरकमा छर्नु पर्छ ।

२. एन्थ्रकनोज : वर्षको तीन पटक माघ, बैशाख र भदौमा बगैंचामा वोडा्याकस मिक्सचर (३:३:४०) ब्लाईटोक्स ०.१% अथवा वेन्लेट ०.१% ले उपचार गर्नु पर्छ ।

३. सुटिमोल्ड : यो रोग नियन्त्रण गर्न मेङ्गोहोपरलाई नै नियन्त्रण गर्नु पर्छ ।

४. ब्याक्टेरियल क्यांकर : स्ट्रेप्टोमाइसिन सल्फेट ०.०२५% वा ओरियोफिङ्गिन ०.०२५% छर्नु पर्दछ ।



## सन्दर्भ सामाग्री :

0 उष्ण फलफुल खेती प्रविधि-२०७०, कृषि व्यवसाय प्रवर्धन तथा तथ्यांक महाशाखा, कृषि विकास मन्त्रालय, काठमाण्डौं ।
0 नेपाल कृषि प्रविधि पुस्तक: २०६२, कृषि सूचना तथा संचार केन्द्र, हरिहरभवन, ललितपुर ।

प्रकाशक : कृषि विकास मन्त्रालय AFACI/ATIN आयोजना, सिंहदरवार, काठमाण्डौ ।